# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०४।१८

## प्रेस विज्ञप्ति

उदयपुरस्थित कान्तिपुर संवाददाता राकेस नेपालीलाई समाचार संकलनका क्रममा अवरोध पुऱ्याई दुर्व्यवहार गरेकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही साउन १७ गते शनिबार राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम त्रियुगा नगर अधिवेशनको समाचार संकलन गर्न पुगेका बेला उक्त पार्टीकी नेतृ सरिन तामाङले नेपालीले बोकेको क्यामेरा खोसेर फोटो खिच्न अवरोध गर्दै दुर्व्यवहार गरेको महासंघ उदयपुर शाखाले जनाएको छ ।

नागरिकलाई सुसूचित गर्ने धर्म निर्वाहमा जुटेका पत्रकारलाई कार्यक्रममा बोलाएर रास्वपाले देखाएको यो हर्कतलाई महासंघले अत्यन्त आपत्तिजनक र प्रेसविरोधी कदमका रुपमा लिएको छ । र, यो घटनाको कडा भर्त्सना गर्दछ ।

पत्रकारको संवैधानिक अधिकारको सम्मान गर्न र आगामी दिनमा यस प्रकारका व्यवहार नदोहोऱ्याउन महासंघ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव